# देवानगञ्ज गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
देवानगञ्ज, सुनसरी
१ नं प्रदेश, नेपाल

## मवेशी हाट, देवानगञ्ज-४ सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति २०७५/०८/१३

यस कार्यालयबाट आ.व. २०७५/०७६ का लागि आन्तरिक आय अन्तर्गत तपसिल बमोजिमको कर दस्तुर असुली कार्य ठेक्का बन्दोबस्तद्वारा संकलन गर्नुपर्ने भएको हुँदा इच्छुक व्यक्ति, फर्म वा कम्पनीबाट यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र कार्यालय समयमा तपसिलका शर्त बन्देजका अधिनमा रही बोलपत्र फाराम देवानगञ्ज गाउँपालिकाबाट खरिद गर्न र ८ औं दिनको १२:०० बजेभित्र र सो दिन सार्वजनिक विदा परेमा सो को भोलिपल्ट सिलबन्दी बोलपत्र दर्ता गर्नुहुन सम्बन्धित सबैका जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

ठेक्काको विवरण

| क्र.सं. | रा.आ.ठे.नं. | ठेक्का विवरण | न्यूनतम ठेक्का अंक | बोलपत्र फारम दस्तुर पछि फिर्ता नहुने गरी | कैफियत |
|---|---|---|---|---|---|
| १ | ०३/०७५/०७६ | मवेशी हाट, देवानगञ्ज-४, सुनसरी | १,२५,०००/०० | १,०००/०० | |

**शर्त तथा बन्देजहरु**

१. कर असुलीसम्बन्धी दररेटहरुको विवरण तथा ठेक्कापट्टा सम्बन्धी थप शर्तहरु बोलपत्र फाराम साथ उपलब्ध गराइनेछ। साथै दररेट सम्बन्धी विवरण र ठेक्का सम्बन्धी थप जानकारी यस कार्यालयमा कार्यालय समयभित्र सम्पर्क राखी जानकारी लिन सकिनेछ र यो सूचना कार्यालयको वेबसाइट www.dewanganjmun.gov.np मा पनि राखिएको छ।
२. ठेक्का अवधि २०७६ आषाढ मसान्तसम्म हुनेछ।
३. बोलपत्रदाताले सिलवन्दी खामको वाहिरपट्टि ठेक्काको विवरण, बोलपत्रदाताको नाम, ठेगाना प्रष्ट बुझिने गरी उल्लेख गर्नु पर्नेछ।
४. रित नपुगी वा म्याद नाघि आएको वा विभिन्न शर्त उल्लेख गरिएको बोलपत्रहरु उपर कुनै कारवाही हुनेछैन। बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।
५. कबोल गरेको अंकको दररेट अंक र अक्षरमा प्रष्टसँग उल्लेख गर्नुपर्नेछ। अंक र अक्षरमा फरक पर्न गएमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ।
६. अंक र अक्षर काटी पुनर्लेखन गर्नुपर्ने भएमा काटेको स्थानमा बोलपत्रदाताले अनिवार्य हस्ताक्षर गर्नुपर्नेछ।
७. फाराम दर्ता गर्दा आफूले कबुल गरेको दररेटबाट हुने रकमको ३% धरौटी रकम यस गा.पा.को नाममा राष्ट्रिय वाणिज्य बैंक इनरुवा शाखामा रहेको धरौटी खाता नं. २२२०३०३००७१०८ मा राखी सो को सक्कलै भौचर वा सो रकम बराबरको नेपाल राष्ट्र बैंकबाट 'क' वर्गको मान्यता प्राप्त बैंकबाट यस गा.पा.को नाममा जारी भएको कार्यप्रयोजन अनिवार्य रुपमा उल्लेख भएको बोलपत्र जमानत पत्र (बोलपत्र दाखिला गर्ने अन्तिम मितिबाट ९० दिनसम्म म्याद भएको) पेश गर्नु पर्नेछ। बैंक मार्फत बोलपत्र जमानत पेश गर्नेको हकमा कार्यालयबाट निर्दिष्ट गरिएको बोलपत्र जमानत फाराम अनुसार नै पेश भएको मात्र मान्य हुनेछ।
८. एक व्यक्ति वा फर्मको नाममा खरिद गरिएको बोलपत्र फाराम अर्को व्यक्ति वा फर्मको नाममा दाखिला गर्न पाउनेछैन।
९. बोलपत्र खोल्ने कार्य माथि विवरणमा उल्लेखित समयमा उपस्थित बोलपत्र दाता वा निजको प्रतिनिधिको रोहवरमा यस कार्यालयमा खोलिनेछ। बोलपत्र खोल्ने समयमा बोलपत्र दाता वा निजको प्रतिनिधि उपस्थित

प्रमुख प्रशासकीय अधिकृत

नभएमा पनि तोकिएको समय, स्थान र मितिमा बोलपत्र खोलिनेछ । बोलपत्र फाराम खरिद गर्ने तथा दाखिला गर्ने र खोलिने दिन बिदा परेमा सो कार्य सो को भोलीपल्ट सोही समयमा हुनेछ ।

१०. तोकिएको अवधिभित्र सम्झौता गर्न नआएमा बोलपत्र पेश गर्दा राखेको धरौटी रकम जफत गरिनेछ । सो मा कुनै किसिमको दावी उजुरी गर्न पाइने छैन ।

११. ठेक्का रकम तिर्न बाँकी बक्यौता रहेको व्यक्ति, फर्म वा कम्पनीले यो सूचना बमोजिमको ठेक्का प्रक्रियामा भाग लिने पाइनेछैन ।

१२. ठेक्का वा कर उठाउन नेपाल सरकारबाट रोक लगाइएमा सोही बमोजिम हुनेछ ।

१३. यस कार्यालय वा नेपाल सरकारको हित विपरीत हुने कुनै काम गरेमा जुनसुकै बखत पनि ठेक्का तोडी अन्य व्यवस्था गर्न सकिनेछ । यसरी ठेक्का तोडी अन्य व्यवस्था गर्दा पर्ने थप व्ययभार वा क्षति ठेकेदार स्वयमले व्यहोर्नुपर्नेछ ।

१४. सम्बन्धित कर संकलनका लागि यस कार्यालयद्वारा तोकिएको स्थानहरु बाहेक अन्य स्थानबाट कर दस्तुर उठाउन पाइनेछैन ।

१५. बोलपत्र स्वीकृत भई सो को जानकारी प्राप्त भएको ७ (सात) दिनभित्र सम्झौता गरिसक्नु पर्नेछ । उक्त अवधिभित्र सम्झौता गर्न नआएमा नियमानुसार कारवाही अगाडि बढाइनेछ ।

१६. कबोल गरेको अंकलाई बराबर तीन किस्ता कायम गरिनेछ । पहिलो किस्ता सम्झौता गर्दा नै अनिवार्य रुपमा बुझाउनु पर्नेछ । त्यसपछिका किस्ताहरु क्रमश: अघिल्लो किस्ताको महिनाको मसान्तभित्र बुझाउनु पर्नेछ । स्वीकृत बोलपत्रदाताले ठेक्का कबोल अंक रकम सम्झौता गर्दा नै एकमुष्ट बुझाएमा कबोल अंकको १० प्रतिशत छुट दिइनेछ ।

१७. धरौटी बापत जम्मा गरिएको रकम किस्ता वा एकमुष्ट बुझाउने रकममा समायोजन गर्न पाइनेछैन ।

१८. बन्द हड्ताल तथा अन्य मानव सृजित कारणहरुबाट सृजना हुने अवरोधका कारण कर छुट वा मिनाहा दिइनेछैन ।

१९. स्वीकृत ठेकेदारले तोकिएको कर उठाउँदा प्रयोग गर्ने रसिदहरु ठेकेदारले आफ्नै तर्फबाट छपाई गरी सो रसिदहरु यस कार्यालयले तोकेको कर्मचारीबाट प्रमाणित गराई यस कार्यालयमा अभिलेख राखी मात्र प्रयोग गर्नुपर्नेछ । प्रमाणित नगरिएको रसिदबाट कर उठाइएको जानकारी कार्यालयमा प्राप्त भई सो साबित भएमा नियमानुसार कारवाही गरिनेछ ।

२०. नेपाल सरकार वा अन्य निकायलाई कानून बमोजिम तिर्नुपर्ने आयकर, मू.अ.क. लगायतका कर दस्तुर आदि सम्पूर्ण बुझाउने रकम यस कार्यालयमा सम्बन्धित ठेकेदारले दाखिला गर्नुपर्नेछ ।

२१. ठेकेदारले अनिवार्य रुपमा ठेक्का क्षेत्रभित्रका बजार सरसफाई कार्य सम्बन्धित वडा कार्यालयको सल्लाह बमोजिम र समन्वयमा आफैंले गराउनु पर्नेछ ।

२२. ठेकेदारले आफूलाई चाहिने स्टेशनरी सामान, जनशक्ति कुनै कसैलाई दिएको चन्दा आर्थिक सहायता आदि सबै बन्दोबस्ती आफैंले मिलाउनु पर्नेछ र पछि कुनै दाबी गर्न पाइनेछैन ।

२३. ठेक्का चलान गर्दा कुनै व्यवधान वा समस्या परेमा दुई पक्षबीच आपसी छलफलद्वारा समाधान गरिनेछ । त्यस्तो छलफलबाट सहमति हुन नसकेमा यस कार्यालयको निर्णय अन्तिम हुनेछ र सो मान्नु ठेकेदारको कर्तव्य हुनेछ ।

२४. यस सूचनामा उल्लेख नभएका कुराहरुको हकमा सार्वजनिक खरिद ऐन, २०६३ (पहिलो संशोधनसहित) तथा नियमावली २०६४ (संशोधितसहित) र स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ बमोजिम हुनेछ ।

..............

त्रिलोचना न्यौपाने

प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत